# सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश, नेपाल

## बालमैत्री स्थानीय शासनको न्युनतम सुचकहरुको स्थानीयकरण

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ को अनुसुची ३, दफा २१ संग सम्बन्धित बालमैत्री स्थानीय शासनका न्युनतम सुचकहरु र सरावल गाउँपालिकाद्धारा स्थानीयकरण गरिएको सुचकको विवरण :

गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मिति : वि.सं. २०८१/०४/१६.....

| क्र.स. | न्युनतम सुचक | स्थानीयकरण गरिएको सुचक |
|---|---|---|
| क | बाल बचाउ | |
| १ | गर्भवती महिलाहरुले कम्तिमा पूसूति पूर्व चार पटक र प्रसूति पश्चात आमा र नजवात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन् । | -जम्मा गर्भवती संख्या यकिन भएको<br>-जम्मा सुत्केरी आमाहरुको संख्या<br>-प्रोटोकल अनुसार स्वास्थ्य जाँच गराएको आमा र नवजात शिशुको संख्याको अभिलेख भएको |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | -टि.डि खोप लगाएको गर्भवती महिलाको संख्या र प्रतिशत |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् । | -आइरन चक्की खाएको आमा संख्या |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएका हुनेछन् । | -स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्य कर्मी बाट सूत्केरी भएको प्रतिशत । |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएका हुनेछन् । | -स्वास्थ्य चौकीको पोषण सम्बन्धि अभिलेखमा ६ महिना पुरा भएका बालबालिका संख्या (विगत १ वर्षमा)<br>-सोही बालबालिकामध्ये ६ महिनासम्म पूर्ण स्तनपान गरेको बालबालिका संख्या |
| ६ | छ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ । | -६ महिनादेखि ५ वर्ष सम्मका बालबालिका संख्या<br>-भिटामिन ए खुवाइएको बालबालिकाको संख्या |
| ७ | एक वर्ष भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ । | -१६ महिनादेखि २३ महिनासम्मका बालबालिकाको संख्या<br>-माथि उल्लेखित बालबालिका मध्ये पूर्ण खोप लगाएका बालबालिका संख्या |

सरावल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सरावल, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

| | | |
|---|---|---|
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophyaixis पाएका हुनेछन् । | -एच.आइ.भि.संक्रमित आमाबाट जन्मिएको बालबालिका संख्या<br>- ARV Prophyaixis पाएका बालबालिका संख्या |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | -वडा तथा गा.पा.को जम्मा घरपरिवार संख्या<br>-आयोडिन युक्त नुन प्रयोग गर्ने घरपरिवार संख्या |
| १० | कम तौल, पुड्को र ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाको संख्यामा कमी आएको हुनेछ । | -कम तौल, पुड्को र ख्याउटेपन हुने ५ वर्ष मुनिका बालबालिकाको आधार र घोषणा समयको संख्या |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शून्य भएको हुनेछ । | -अति कडा कुपोषण भएको बालबालिकाको संख्या<br>-पोषण सुधारको लागि आवश्यक उपचार गराएको बालाबलिकाको संख्या |
| १२ | सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | -जम्मा घरपरिवार संख्या<br>-आधारभुत तहको खानेपानी सुविधा भएको घरपरिवार संख्या |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटिको विकास भएको हुनेछ । | -जम्मा घरपरिवार संख्या<br>- चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने घरपरिवार संख्या |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ । | -जम्मा घरपरिवार संख्या<br>-शौचालय प्रयोग भएको घरपरिवार संख्या |
| **ख** | **बाल संरक्षण** | |
| १५ | ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | -५ वर्ष मुनिका बालबालिका संख्या<br>-पंजिकरण निर्देशिकामा उल्लेखति र प्रचलित कानुन बमोजिम आवश्यक मापदण्ड पुरा गरी जन्मदर्ता भएको बालबालिका संख्या<br>-जन्मदर्ता नभएको बालबालिका संख्या . |
| १६ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुर्नस्थापना भएको हुनेछ । | -आधार वर्षमा भेटिएको जम्मा बालश्रमिक संख्या<br>-पुर्नस्थापना गरिएको बालश्रमिक संख्या |
| १७ | स्थानीय तह बाल विवाह मुक्त भएको हुनेछ । | -वडाका जनप्रतिनिधि सहित टोल विकास संस्था तथा समुदाय र विद्यालय स्तरमा बालविवाह नगर्ने र गर्न नदिने प्रतिवद्धता लिइएको |

सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सराबल, नवलपरासी (ब.सु.पू.)
लुम्बिनी प्रदेश, नेपाल

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

| | | |
|---|---|---|
| | | -विद्यालयका बालबालिका र बालक्लब सदस्यहरुलाई बालविवाह सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु संचालन गरिएको<br>-बालविवाह न्युनीकरण सम्बन्धी प्रचार सामाग्री तयार गरी प्रचार प्रसार गरिएको<br>-बालमैत्री स्थानीय शासन अवलम्बन पश्चात घोषणा अवधिको कम्तिमा ३ महिना अघिसम्म कुनै पनि बालविवाहको घटना नघटेको/ बालविवाह भएमा आवश्य परामर्श तथा कानुनी उपचार गरी बालक/बालिकालाई २० वर्ष उमेर पुरा नहुदासम्म आ आफ्नो परिवारसंग बस्ने गरी सहमति गराइएको |
| १८ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान ( विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा कमी आएको हुनेछ । | -गा.पा.द्धारा बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि बनाइ कार्यान्वयन गरिएको<br>-बालमैत्री आचारसंहिता तयार गरी ब्रोसर र फलेक्स मार्फत घरपरिवार र समुदायमा प्रचार प्रसार गरिएको<br>-बालमैत्री व्यवहार कार्यान्वयनको विषयमा सन्देशमुलक सामाग्री तयार गरी समुदाय र विद्यालयस्तरमा सचेतना गरिएको |
| १९ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा आएको हुनेछ । | -बाल अधिकार समिति गठन गरी परिचालन भएको |
| २० | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | -बालअधिकार र सामाजिक कुप्रथा सम्बन्धी सचेतना गरिएको |
| २१ | स्थानीय तह/समुदायले १४ वर्षमुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विशेष व्यवस्था गरेका हुनेछन् । | -१४ वर्ष मुनिका असहाय बालबालिका संख्या<br>-वडा तथा गा.पा.द्धारा संरक्षण गरिएको बालबालिका संख्या |
| २२ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शून्य भएको हुनेछ (सडक बालबालिका भएकोमा बालगृहमा राखी व्यवस्थापन भएको हुने) | -सडक बालबालिका संख्या<br>-वडा तथा गा.पा.द्धारा संरक्षण गरिएको बालबालिका संख्या |
| २३ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | -विद्यालयमा बालबालिकालाई शारीरिक तथा मानसिक यातना नदिने प्रतिवद्धताको माइन्युट रजिष्टर र प्रतिवद्धता ब्यानर टाँस गरिएको |

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

| | | |
|---|---|---|
| २४ | कूलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | -धुमपान/मद्यपान र सुर्तीजन्य सामाग्री प्रयोग गर्ने बालबालिका संख्या<br>-लागुपदार्थ दुर्व्यसनीमा संलग्न बालबालिका संख्या<br>-१८ वर्ष मुनिका र विद्यालय, क्याम्पसको पोशाकमा रहेका बालबालिकाई धुमपान/मद्यपान र सुर्तीजन्य सामाग्री विक्रि वितरण नगर्न प्रचार सहित सम्बन्धित होटल, पसलमा स्टिकर टाँस गरिएको<br>-विद्यालयमा धुमपान/मद्यपान र सुर्तीजन्य सामाग्री प्रयोग निषेधित क्षेत्र भनि बोर्ड टाँस तथा भित्ते लेखन गरिएको<br>-कुलत र दुर्व्यसनीबाट हुन सक्ने जोखिमको विषयमा सचेतना सहित निरन्तर अनुगमन गरिएको |
| **ग** | **बाल विकास** | |
| २५ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने) | -४ वर्ष उमेरका बालबालिका संख्या<br>-बालविकास केन्द्र तथा पूर्व प्रा.वि.मा भर्ना भएका सोही उमेर समुहका बालबालिका संख्या (शिक्षा नियमावली बमोजिम) |
| २६ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाको आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेका हुनेछन् । | -५ देखि १४ वर्ष सम्मका बालबालिका संख्या<br>- विद्यालयमा भर्ना भई निरन्तर अध्ययन गरेका ५ देखि १४ वर्षको बालबालिका संख्या |
| २७ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ । | -सेनेटरी प्याड डिस्पोजलको व्यवस्था सहित छात्रा शौचालय सहित छात्र छात्राको अलग अलग शौचालय भएको<br>-शौचालयमा पानी र प्रयोग पछि साबुन पानीले हात धुने व्यवस्था भएको |
| २८ | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खोपानी धारा) बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन् । | - अपाङ्गता भएका बालबालिका भएको विद्यालयमा शौचालय र कक्षा कोठामा सहज पहुँचको लागि र्‍यामको व्यवस्था<br>-बालविकास केन्द्रमा पर्याप्त खेल समाग्री सहितको सुरक्षित भुई बसाइको व्यवस्था<br>-विद्यार्थीको उचाइ अनुसार खानेपानी धारा, डेक्स/बेन्चको व्यवस्था |
| २९ | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | -अतिरिक्त क्रियाकलापको कार्ययोजना |

सरावल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सरावल, नवलपरासी (ब.सु.पू.), लुम्बिनी प्रदेश, नेपाल

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

| | | |
|---|---|---|
| | | -महिनाको कम्तिमा ३ पटक अतिरिक्त क्रियाकलाप संचालन भएको |
| ३० | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग बिर्सजन गर्ने व्यवस्था गरेका हुनेछन् । | -सबै विद्यालयमा कुहिने र नकुहिने फोहोर राख्ने गरी डस्टविनको व्यवस्था भएको |
| **घ** | **बाल सहभागिता** | |
| ३१ | स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भई क्रियाशिल (न्यूनतम वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | -वडा स्तरीय बाल संजाल गठन<br>-न्युनमत वार्षिक ४ ओटा बैठक<br>-न्युनतम वार्षिक ३ वटा कार्यक्रम |
| ३२ | स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बालक्लब गठन भई क्रियाशिल (न्यूनतम वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | -समुदाय र विद्यालय स्तरीय बाल समुह गठन<br>-न्युनमत वार्षिक ४ ओटा बैठक<br>-न्युनतम वार्षिक ३ वटा कार्यक्रम |
| ३३ | ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ । | -वि.व्य.स.मा सहभागि गराउने निर्णय<br>- वि.व्य.स.मा सहभागिताको प्रमाण |
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लब/सञ्जालको प्रतिनिधित्व रहनेछ । | -स्वा.व्य.स.मा सहभागि गराउने निर्णय<br>- स्वा.व्य.स.मा सहभागिताको प्रमाण |
| ३५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | -बालमैत्री वडा र गाउँपालिकाको समितिमा बालसहभागिता सुनिश्चित भएको |
| ३६ | बालभेलाबाट माग भई आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । | -प्रत्येक वर्ष योजना तर्जुमाको लागि बालभेला गरिएको<br>-बालभेलाबाट प्राथमिकिकरणमा परेका योजना वडा तथा गा.पा.बाट कार्यान्वयनमा आएको |
| **ङ** | **संस्थागत विकास** | |
| ३७ | वडा/गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भई क्रियाशिल रहेका हुनेछन् । | -बालमैत्री गाउँपालिका स्तरीय समिति गठन र न्युनतम चौमासिक वैठक<br>-बालमैत्री वडा समिति गठन र न्युनतम त्रैमासिक बैठक |
| ३८ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् । | - गा.पा.को बालमैत्री आचारसंहिता<br>-गा.पा.को बालअधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि |

सराबल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सराबल, नवलपरासी (ब.सु.पू.) लुम्बिनी प्रदेश, नेपाल

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

| | | |
|---|---|---|
| ३९ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहतिको बालमैत्री सिकाइ स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ। | -गा.पा.मा कम्तिमा एक ओटा बाल उद्यान सहति बालमैत्री सिकाइ स्रोत केन्द्र (समग्र गा.पा. घोषणा अवधिसम्म) |
| ४० | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भई कार्यान्वियन भएको हुनेछ। | -बालमैत्री स्थानीय शासन अवलम्बन, कार्यान्वयन र घोषणाका लागि नगर वडा स्तरबाट गर्नुपर्ने मुख्य क्रियाकलापहरु समेटिएको कार्ययोजना<br>-वडागत रुपमा बालबालिकाको लगानी योजना |
| ४१ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँ/नगरपालिका तहमा बालभेला अयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तुर्जमा प्रक्रियामा समावेश गरिएको हुनेछ। | -प्रत्येक वर्ष योजना तर्जुमाको लागि बालभेला गरिएको<br>-बालभेलाबाट प्राथमिकिकरणमा परेका योजना वडा तथा ग.पा.बाट कार्यान्वयनमा आएको |
| ४२ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ। | -छापिएको बालबालिकाको स्थिति पत्र |
| ४३ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन्। | -ग.पा.को प्रारम्भिक बालविकास केन्द्रहरुको न्यूनतम मापदण्ड |
| ४४ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन्। | -विद्यालयमा बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त क्रियाकलाप गरेको प्रमाण (माइन्युट/फोटो) |
| ४५ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमूलक तालिम) प्राप्त गरेका हुनेछन्। | -आधारभुत शिक्षा पश्चात औपचारिक शिक्षाबाट वञ्चित बालबालिका संख्या<br>-व्यवसायीक तथा सिपमुलक तालिम प्राप्त गरेको बालबालिका संख्या |
| ४६ | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाइ रहेको हुनेछ। | -प्रहरी कार्यालयमा बालमैत्री सम्पर्क एकाइ भएको हुने<br>-प्रहरी कार्यालयमा बालमैत्री सम्पर्क व्यक्ति तोकिएको हुने |
| ४७ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गतामैत्री हुनेछन्। | - गा.पा.द्वारा विद्यालयको सवारी साधन संचालन मापदण्ड तयार गर्ने (समग्र ग.पा. बालमैत्री घोषणा सम्म) |

सरावल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सरावल, नवलपरासी लुम्बिनी प्रदेश, नेपाल

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

| | | |
|---|---|---|
| ४८ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ । | -गा.पा.को कार्यालय/ वडा कार्यालय/ स्वास्थ्य चौकी कार्यामध्ये एकमा स्तनपान कक्ष व्यवस्थापन भएको |
| ४९ | बसपार्क, सिनेमा हल, हाटबजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खोनेपानी धाराको व्यवस्था भएको हुनेछ । | -सार्वजनिक स्थानमा शौचालय र धारा बालमैत्री भएको |
| ५० | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को सायमा बालाबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ । | -गा.पा.को विपद् जोखिम व्यवस्थापन योजना पुस्तिका |
| ५१ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | -गा.पा.को विपद् जोखिम व्यवस्थापन पुस्तिका |

सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी, लुम्बिनी प्रदेश, नेपाल

सुखाडी प्रसाद [illegible]
अध्यक्ष